म्याङलुङ नगरपालिका तेह्रथुम

# गरिब तथा विपन्न जनता उपचार खर्च उपलब्ध गराउने सम्बन्धि कार्यविधि,२०७५

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

म्याङलुङ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

म्याङलुङ,तेह्रथुम

## म्याङलुङ नगरपालिकाको गरिब तथा विपन्न जनता उपचार खर्च उपलब्ध गराउने कार्यविधि, २०७५

प्रमाणीकरण मिति :-२०७५।०८।२३

**प्रस्तावना:**

म्याङलुङ नगर क्षेत्र भित्रका विपन्न तथा गरिब जनता वा गरिब परिवारका सदस्यहरुलाई गरिबीका कारण विभिन्न रोगको उपचार गर्न नसकी उपचार अभावकै कारण समस्यामा पर्ने गरिब तथा विपन्न परिवारका सदस्यहरुलाइ आर्थिक सहयोग उपलब्ध गराउने कार्यलाई व्यवस्थित बनाउन बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ र म्याङलुङ नगरपालिकाकाको प्रशासकीय कार्यविधि नियमिति गर्ने ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार बमोजिम म्याङलुङ नगर कार्यपालिकाले गरिब तथा विपन्न जनता उपचार खर्च उपलब्ध गराउने कार्यविधि, २०७५ बनाएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

१ संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम म्याङलुङ नगरपालिकाको गरिब तथा विपन्न जनता उपचार खर्च उपलब्ध गराउने कार्यविधि, २०७५ रहेको छ

(२) यो कार्यविधि तुरन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अन्य अर्थ नलागेमा कार्यविधिमा,

(क) "ऐन" भन्नाले म्याङलुङ नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यविधि" भन्नाले म्याडलुङ नगरपालिका को गरिब तथा विपन्न जनता उपचार खर्च उपलब्ध गराउने कार्यविधि, २०७५ सम्झनु पर्छ ।

(ग) "प्रभावित व्यक्ति" भन्नाले विभिन्न रोगको उपचारको लागि सहयोगको याचना गर्ने विपन्न परिवारको व्यक्ति वा मानव वा चेलिबेटी बेचविखनमा परेका वा वैदेशिक रोजगारीको शिलशिलामा ठगी वा परिबन्धमा परेका लगायत विभिन्न मानवीय विपत्तीमा परेर नगरपालिका समक्ष आर्थिक सहयोगको माग गर्ने व्यक्ति लाइ सम्झनु पर्छ ।

(घ) "गरिब वा विपन्न परिवार" भन्नाले नगरपालिकाले कुनै सर्वेक्षण मार्फत विपन्न वा गरिब भनी पहिचान भएको परिवार वा नेपाल सरकारले गरिबको परिचय पत्र प्रदान गरेको परिवार वा वडा कार्यालय वा नगर प्रमुख वा उप-प्रमुखले गरिब हो भनी सिफारिस गरेको वा तोकेको नगरबासी परिवार वा परिवारको सदस्यलाइ सम्झनु पर्दछ ।

(ङ) "समिति" भन्नाले गरिब तथा विपन्न जनता उपचार खर्च उपलब्ध गराउने कार्यविधि, २०७५ अन्तर्गत गठन भएको समितिलाइ सम्झनु पर्छ ।

## परिच्छेद २

## समितिको गठन, काम कर्तव्यर अधिकार

३. गरिब तथा विपन्न जनता उपचार खर्च उपलब्ध गराउन समितिको गठनः (१) नगरपालिकामा उपचार खर्च लगायत विशेष आपत विपदमा परेका प्रभावित व्यक्तिबाट माग हुने आर्थिक सहयोगलाई औचित्यपूर्ण र प्रभावकारी बनाउन एक समिति रहनेछ ।

(२) समितिको गठन देहाय वमोजिमको हुनेछ :

(क) नगर प्रमुख - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) नगर प्रमुखले तोकेको कार्यपालिकाको एक महिला र एक पुरुष -सदस्य

(घ) नगरपालिकाको योजना अनुगमन तथा प्रशासकीय अधिकृत -सदस्य सचिव

संजय कुमार तुम्बाहाङ्फे
नगर प्रमुख

४.(१) संयोजकले तोकेको मिति समय र स्थानमा समितिको बैठक बस्नेछ ।

(२) समितिको बैठक सम्बन्धि व्यवस्थाः संयोजक को परामर्श अनुसार समितिको बैठक सदस्य सचिवले मिति र स्थान तोकी बोलाउनेछ । सो बैठक छलफल हुने विषय सूचि समेत सदस्य सचिवले बैठक बोलाउँदा सदस्यहरुलाइ सूचना दिनु पर्नेछ।

(३) बैठक तत्काल बस्नुपर्ने आवश्यकता परेमा संयोजकले जुनसुकै अवस्थामा पनि बैठक बोलाउन सक्नेछ ।

(४) समितिको संयोजकले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिले आवश्यकता अनुसार विभिन्न संघ संस्था को प्रतिनिधि तथा विज्ञलाइ बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) समितिले नगरसभाबाट विपन्न उपचार सहयोग कार्यक्रम स्वीकृत गराइ स्वीकृत बजेट मातहत औचित्यताको आधारमा आवश्यकता र औचित्यताको आधारमा प्रभावित व्यक्तिहरुलाइ राहत उपलब्ध गराउनेछ ।

(७) समितिले यो कार्यविधिको मर्म अनुसार सहयोग गर्ने गराउने संघ संस्था तथा व्यक्तिहरु सँग समन्वय गर्ने गराउने कार्य गर्नेछ ।

(८) प्रभावित व्यक्तिको बास्तविकताको बारेमा आवश्यकता परेमा समितिले छानविन र अध्ययन गर्नेछ ।उनको विपत्ति वा निवेदनको अवस्थाको मूल्यांकन गर्नेछ ।

(९) प्रभावित व्यक्तिहरुलाई थप सहायताको आवश्यकता अनुसार प्रदेश तथा संघीय सरकार सँग सहकार्य गर्ने ।

## परिच्छेद ३

## उपचार खर्च वा राहत उपलब्ध गराउने

५. समितिले गरिब तथा विपन्न जनता उपचार खर्च वा विपद तथा जोखिमबाट प्रभावित व्यक्तिहरुलाइ उनीहरुले पेश गरेको निवेदन, उनीहरुलाइ लागेको रोग, उनीहरुको आर्थिक अवस्था आदिको विश्लेषण गरी औचित्यताको आधारमा उपचार खर्च वा आर्थिक सहायता उपलब्ध गराउने छ ।

६. सहयोग रकम वा सहायता रकम प्रदान गर्दा प्रभावित व्यक्तिको रोग वा विपत्ति तथा आर्थिक अवस्था सबैलाई ख्याल गरी रु. १ लाख सम्म आर्थिक सहयोग गर्न सकिनेछ ।

७. रु. ३५ हजार सम्मको सहायता रकम नगर प्रमुख स्तरको समयले स्वीकृत गर्न सक्नेछन् ।

८. रु. ३० हजार सम्मको सहायता रकम नगर उपप्रमुख स्तरको निर्णयले स्वीकृत गर्न सक्नेछन् ।

९. रु. २५ हजार सम्मको सहायता रकम वडा अध्यक्ष स्तरको निर्णयले स्वीकृत गर्न सक्नेछन् ।

१०. रु. ३५ हजार भन्दा माथिको रकम सहायता प्रदान गर्नको लागि समितिको बैठकले स्वीकृत गर्न सक्ने छ ।

११. बुँदा न ३, ४ र ५ मा जेसुकै व्यवस्था भएको भए पनि गरिब तथा विपन्न जनता उपचार खर्च वा विपद तथा जोखिमबाट प्रभावित व्यक्तिहरुलाइ प्रदान गरेको सहायता रकम नगर प्रमुखको एकल निर्णय तोक आदेशमा समितिको निर्णय विना नै स्वीकृत गर्न सक्ने छ।

१२.यस कार्यविधि बमोजिम उपलब्ध गराइने सहयोग रकम नगरपालिका तथा वडाले विनियोजन गरेको सम्बन्धित शीर्षकबाट उपलब्ध गराइनेछ।

## परिच्छेद ४

## आर्थिक सहयोग माग गर्दा पशे हुने कागजातहरु

आर्थिक सहयोग माग गर्दा देहाय बमोजिमको कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

१३. नेपाली नागरिकताको प्रमाणपत्र

१४. उपलब्ध भएको भए गरिबी खुल्ने परिचय पत्र वा सिफारिस पत्र वा लिखित निवेदन ।

१५. विदेशमा भए विदेशमा अलपत्र वा विपत्तिमा परेको खुल्ने कागजात वा वडाको सिफारिस पत्र वा अस्पतालको भर्ना कागजात।

## परिच्छेद ५

## खारेजी र बचाउ

१६. खारेजी र बचाउ : (१) यो कार्यविधि जारी हुनु भन्दा पुर्व नगरपालिकाले यो कार्यविधि सँग सम्बन्धित गरेको सम्पूर्ण खर्चहरु यसै कार्यविधि अन्तर्गत खर्च भएका मानिनेछ।